# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, फागुन ७ गते २०५८ साल (अतिरिक्ताङ्क ६९ (क)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा देशवासीका नाममा बक्सेको सन्देश**

**२०५८ साल फागुन ७ गते मंगलबार**

प्यारा देशवासीहरू,

आज हामी राष्ट्रिय प्रजातन्त्र दिवस मनाउँदै छौं। यस अवसरमा हाम्रा प्रातः स्मरणीय जिज्यू बुबाज्यू राष्ट्रपिता श्री ५ त्रिभुवन र प्रजातन्त्रको लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सपुतहरूप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं।

बहुदलीय प्रजातन्त्र हामी सबैको साझा प्रतिबद्धता हो। राष्ट्रहितलाई सर्वोपरि ठान्ने विचार पद्धति, पारदर्शी शासन शैली तथा जनतालाई अभिप्रेरित गर्ने राजनीतिबाट मात्र यो प्रतिबद्धतालाई जीवन्त बनाउन सकिन्छ। आज सबै क्षेत्रबाट शान्ति-सुरक्षा, सुशासन र राजनैतिक स्थिरताको प्रत्याभूतिका साथै आर्थिक विसंगति तथा भ्रष्टाचार नियन्त्रणका लागि आवाज उठ्न थालेकोले जनताप्रति उत्तरदायी हुँदै प्रजातन्त्रलाई सुदृढ बनाउनु जरुरी भएको छ।

9296

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देशमा संकटकाल लागू भएको छ । शान्तिसुरक्षाको निमित्त सुरक्षाकर्मीहरू कर्तव्यनिष्ठ भै जुटिरहेको यस संवेदनशील अवस्थामा राजनैतिक एवम् प्रशासनिक क्षेत्रमा कमी कमजोरी देखिन आयो भने परिस्थिति अझ विषम हुन जान्छ । मुलुक यो अवस्थामा कसरी पुग्यो र यसको पछाडि के के कारणहरू छन् भन्ने कुराको विना पूर्वाग्रह समीक्षा गरी त्यसको समाधानतर्फ एकजुट भई सबै नेपालीहरू लाग्नेछन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

अन्त्यमा, यस प्रजातन्त्र दिवसले नेपालीहरूबीच आपसी सद्भाव र एकता कायम राख्दै राष्ट्रको उत्थानमा समर्पित हुन सबैलाई प्रेरणा देओस्– यही हाम्रो शुभकामना छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् ।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।